apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
# अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१
● वर्ष: १२ ● अंक: १५२ ● पृष्ठ: ४ ● ०५ असार २०८३ शुक्रबार (19 June 2026, Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/



बालेन पक्षलाई समेट्न रास्वपामा पदाधिकारी थपिँदै, कुन पदमा कति ?
समाचार पृष्ठ ३

# प्रदेशलाई प्रहरी र कर्मचारी अधिकार नदिंदा सडक सुरक्षा कठिनाइ: मुख्यमन्त्री यादव



अपन दैनिक संवाददाता
सिरहा, असार ०४ गते

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सरकारलाई आफ्नै प्रहरी प्रशासन र कर्मचारी नहुँदा सडक सुरक्षा, ट्राफिक व्यवस्थापन तथा सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन कठिनाइ भइरहेको बताएका छन्।

विहीबार जनकपुरधाममा आयोजित प्रदेशस्तरीय सडक सुरक्षा कार्यशालालाई सम्बोधन गर्दै मुख्यमन्त्री यादवले संघीय शासन व्यवस्था लागू भए पनि प्रदेश सरकारलाई संविधानले परिकल्पना गरेका अधिकारहरू पूर्ण रूपमा हस्तान्तरण नभएको बताए। अधिकार र स्रोत-साधनको अभावका कारण प्रदेश सरकारको कार्यक्षमता सीमित बनेको उल्लेख गर्दै उनले प्रदेश प्रहरी र कर्मचारी व्यवस्थापनसम्बन्धी अधिकार तत्काल प्रदेशलाई दिनुपर्ने आवश्यकता रहेको बताए।

सडक दुर्घटना न्यूनीकरण प्रदेश सरकारको प्रमुख प्राथमिकतामध्ये एक रहेको उल्लेख गर्दै उनले भने, 'पर्याप्त बजेट, जनशक्ति तथा आवश्यक अधिकारको अभावले अपेक्षित उपलब्धि प्राप्त गर्न कठिनाइ रहेको छ, त्यस कारण संविधानले प्रदेशलाई दिएको अधिकार पूर्ण कार्यान्वयन हुनुपर्छ।'

कार्यक्रममा प्रदेश सांसद शारदा देवी थापाले सडक दुर्घटना रोकथामका लागि जनचेतना अभिवृद्धि सबैभन्दा प्रभावकारी माध्यम भएको बताइन्। विद्यालय तहमा ट्राफिक शिक्षाको अभ्यास सकारात्मक रहेको उल्लेख गर्दै उनले यसलाई समुदाय तथा महिला समूहसम्म विस्तार गर्नुपर्नेमा जोड समेत दिइन्।

त्यसैगरी, नीति तथा योजना आयोगका उपसभापति राजकुमार सिंहले तथ्य र प्रमाणमा आधारित नीति निर्माण, सडक पूर्वाधारको स्तरोन्नति तथा सम्बन्धित निकायहरूबीचको समन्वय सुदृढ गर्न आवश्यक रहेको बताए।

मधेश प्रदेश प्रहरी प्रमुख ओमप्रसाद अधिकारीले प्रभावकारी ट्राफिक व्यवस्थापनका लागि पर्याप्त बजेट, दक्ष जनशक्ति र स्पष्ट अधिकार आवश्यक पर्ने धारणा राखे। सडक दुर्घटनाका वास्तविक कारणहरूको

बाँकी पृष्ठ २ ▸▸

# १ करोड ६२ लाखको बहु-प्रकोप सुरक्षित आश्रयस्थल हस्तान्तरण



अपन दैनिक संवाददाता
सिरहा, असार ०४ गते

प्राकृतिक विपद्का बेला प्रभावित समुदायलाई सुरक्षित आश्रय उपलब्ध गराउने उद्देश्यले सिरहा नगरपालिका-६ मा निर्माण गरिएको बहु-प्रकोप सुरक्षित आश्रयस्थल बिहीबार औपचारिक रूपमा सिरहा नगरपालिकालाई हस्तान्तरण गरिएको छ।

बेलायत सरकारको आर्थिक सहयोगमा निर्माण गरिएको उक्त आश्रयस्थल पीपुल इन निड (पिआइएन) को नेतृत्व तथा अनुगमन, डिसिए नेपाल (डीसीए) को प्राविधिक सहयोग, समावेशी नेपाल (रेन) को साझेदारी तथा सिरहा नगरपालिकाको समन्वयमा निर्माण सम्पन्न भएको हो।

हस्तान्तरण पत्रअनुसार

बाँकी पृष्ठ ३ ▸▸




# ५ वर्षदेखि फरार कर्तव्य ज्यान मुद्दाका प्रतिवादी पक्राउ



अपन दैनिक संवाददाता
सिरहा, असार ०४ गते

जिल्ला प्रहरी कार्यालय सिरहाले पाँच वर्षदेखि फरार रहेका कर्तव्य ज्यान मुद्दाका एक प्रतिवादीलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा सिरहाको बरियारपट्टी गाउँपालिका-५ निवासी ५० वर्षीय वीरेन्द्रकुमार यादव रहेका छन्।

यादवविरुद्ध सोही गाउँपालिका-५ निवासी रामएकबाल सदायकी श्रीमती अनिता देवी सदायको हत्या गरेको आरोपमा कर्तव्य ज्यान मुद्दा दर्ता गरिएको थियो। प्रहरीका अनुसार २०७६ असोज ३० गते अनिता देवी सदायको हत्या गरेको आरोपमा अनुसन्धान सुरु गरिएको थियो।

अनिता देवी बेपत्ता भएकी थिइन्। खोजतलास तथा अनुसन्धानका क्रममा २०७६ कात्तिक २१ गते लक्ष्मीपुर पतारी गाउँपालिका-५ स्थित एक खेतमा उनको शव फेला परेको थियो।

शव फेला परेपछि प्रहरीले अनुसन्धानलाई तीव्र बनाएको थियो। सोही दिन आरोपित यादवको घरमा

बाँकी पृष्ठ ४ ▸▸

# मधेश प्रदेश सरकारको बजेट : पूर्वाधार विकासपछि प्राथमिकतामा स्वास्थ्य क्षेत्र



अपन दैनिक संवाददाता
जनकपुरधाम, असार ०४ गते

आर्थिक वर्ष ०८३-०८४ मा मधेश प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा ५ अर्ब ९५ करोड रुपैयाँ विनियोजन गरेको छ। पूर्वाधार विकासपछि मधेश प्रदेश सरकारले सबैभन्दा बढी प्राथमिकतामा राखेको क्षेत्र स्वास्थ्य नै हो।

मधेश प्रदेश सरकारले 'मेरो स्वास्थ्य, मेरो जिम्मेवारी' नारा दिँदै स्थानीय तहको सहलागतमा प्रदेशका सबै वडामा नागरिक अरोग्य सेवा केन्द्र स्थापना गर्ने र स्वास्थ्य उपकरण खरिद गर्ने भएको छ। मधेश प्रदेशका नागरिकले विशिष्टीकृत उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यताको अन्त्य गर्न प्रादेशिक अस्पताल जनकपुरलाई मुटु, मिर्गौला र क्यान्सर रोगको उपचार सेवासहितको सुविधासम्पन्न शिक्षण अस्पतालमा स्तरोन्नती गरिने नीति पनि प्रदेश सरकारले लिएको छ।

तराई-मधेशमा मुख्य स्वास्थ्य समस्या रहेको सर्पदशको उपचारलाई सर्वसुलभ बनाउन आधारभूत स्वास्थ्य केन्द्रमा एन्टिस्नेक भेनमसहितको सर्पदंश उपचार केन्द्र विस्तार गर्न

बाँकी पृष्ठ ३ ▸▸

## रेबिजबारे सचेत बनौं

कुकुर तथा जंगली जनावरको टोकाईबाट रेबिज मानिसमा सर्न सक्छ ।
**यसबाट बच्न**:

- घरपालुवा जनावरलाई नियमितरुपमा रेविजविरुद्धको खोप लगाऔं।
- जनावरले टोकेमा तुरुन्तै साबुन पानीले कम्तीमा १५ मिनेटसम्म राम्रोसँग धोऔं र तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- स्वास्थ्यकर्मीको सल्लाहबमोजिम रेविजविरुद्धको खोप लगाऔं।
- कुकुर तथा घरपालुवा जनावरलाई खुल्ला रुपमा नछाडौं।
- जंगली वा अपरिचित जनावरबाट टाढा बसौं।

रेविज लाग्न नदिन समयमा विचार पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

## सम्पादकीय...

### दर्ता खारेजीले दिएको स्पष्ट सन्देश

औषधि केवल व्यापारिक वस्तु होइन, जनस्वास्थ्यसँग प्रत्यक्ष जोडिएको संवेदनशील सेवा हो । त्यसैले औषधि पसल सञ्चालन, औषधिको भण्डारण तथा बिक्री-वितरणमा कानुनी मापदण्डको पूर्ण पालना अनिवार्य मानिन्छ । यस्ता मापदण्ड उल्लंघन हुँदा त्यसको असर सिधै नागरिकको स्वास्थ्य र जीवनमा पर्न सक्छ ।

औषधि व्यवस्था विभागले नवीकरण नगर्ने देशभरका ५ हजार ३०२ फार्मेसीको दर्ता प्रमाणपत्र खारेज गर्नु यही सन्दर्भमा महत्वपूर्ण कदम हो । सिरहा जिल्लाका मात्रै १४७ फार्मेसीको दर्ता रद्द हुनु सामान्य विषय होइन । यसले जिल्लामा औषधि व्यवसायको नियमन र अनुगमनलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता उजागर गरेको छ ।

नवीकरण नगर्ने व्यवसायीहरूलाई कानुनअनुसार कारबाही गर्नु राज्यको दायित्व हो । कानुनी प्रक्रिया पूरा नगरी सञ्चालन हुने फार्मेसीहरूबाट गुणस्तरहीन सेवा, म्याद गुज्रिएका औषधिको बिक्री, चिकित्सकको सिफारिसबिना औषधि वितरण तथा अन्य अनियमितता हुने जोखिम उच्च रहन्छ । विभागको अनुगमनमा यस्ता गतिविधि फेला पर्नुले नियमनको आवश्यकता अझ स्पष्ट बनाएको छ ।

तर कारबाही मात्र समाधान होइन । औषधि व्यवसायीहरूले पनि आफ्नो सामाजिक उत्तरदायित्व बुझ्नुपर्छ । औषधि बिक्रीबाट नाफा कमाउने मात्र होइन, बिरामीको स्वास्थ्य सुरक्षाप्रति जिम्मेवार बन्नु उनीहरूको पहिलो कर्तव्य हो । नियमित नवीकरण, योग्य जनशक्ति, मापदण्डअनुसारको सेवा र औषधिको सुरक्षित व्यवस्थापन प्रत्येक फार्मेसीको आधारभूत दायित्व हो ।

सिरहासहित मधेशका सीमावर्ती जिल्लाहरूमा अवैध औषधि कारोबार, प्रेस्क्रिप्सनबिना औषधि बिक्री तथा अनधिकृत स्वास्थ्य सेवा सञ्चालनका गुनासाहरू बेलाबेला उठ्ने गरेका छन् । यस्तो अवस्थामा विभागको पछिल्लो कदमले नियम उल्लंघन गर्नेहरूलाई स्पष्ट सन्देश दिएको छ कि जनस्वास्थ्यसँग खेलबाड गर्ने छुट कसैलाई छैन ।

अब आवश्यक छ–अनुगमनलाई निरन्तरता दिने, व्यवसायीहरूलाई कानुनी प्रक्रिया र मापदण्डबारे सचेत बनाउने तथा नागरिकलाई पनि सुरक्षित र वैधानिक फार्मेसीबाट मात्र औषधि खरिद गर्न प्रेरित गर्ने । जनस्वास्थ्यको सुरक्षा राज्य, व्यवसायी र नागरिक सबैको साझा जिम्मेवारी हो । औषधि व्यवसायलाई व्यवस्थित र विश्वसनीय बनाउन गरिएको यो अभियान प्रभावकारी रूपमा अगाडि बढ्नुपर्छ ।

बालअधिकार
सुनिश्चित गरौं

बालअधिकार:
- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार ।
- हिंसा र शोषणबाट जोगिने अधिकार ।
- अभिव्यक्ति र सहभागिताको अधिकार ।
- माया, स्नेह र संरक्षण पाउने अधिकार ।
- खेल र मनोरञ्जनको अधिकार ।

त्यसैले,
- बालश्रम अन्त्य गरौं ।
- सबै बालबालिकालाई विद्यालय पुर्‍याऔं ।
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं ।
- बालमैत्री समाजको निर्माण गरौं ।

"आजका बालबालिका. भोलिका कर्णधार"

लक्ष्मीपुर पतारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लक्ष्मीपुर पतारी
मधेश प्रदेश, सिरहा (नेपाल)

# माओवादीको उदय र अवसानबाट रास्वपाले सिक्नुपर्ने पाठ



महेश्वर ढकाल

नेपालको लोकतान्त्रिक आन्दोलन पछिको राजनीतिक इतिहासमा दुईवटा घटनाले विशेष ध्यान आकर्षित गर्छन् । पहिलो, ०६४ सालको संविधानसभा निर्वाचनमा तत्कालीन नेकपा (माओवादी) को अभूतपूर्व उदय, र दोस्रो, पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टीको तीव्र लोकप्रियता ।

यी दुवै घटनाको आधार परम्परागत राजनीतिक शक्तिप्रतिको जनअसन्तुष्टि र परिवर्तनको आकाङ्क्षा नै हो । जनताले जब पुराना राजनीतिक शक्तिप्रति निराशा व्यक्त गर्छन्, तब उनीहरू नयाँ शक्तितर्फ आकर्षित हुन्छन् । तर इतिहासले देखाएको छ कि जनताले दिएको अवसरलाई सही ढङ्गले व्यवस्थापन गर्न नसक्ने र समयक्रममा पुरानै राजनीतिक रोगबाट सङ्क्रमित हुँदै जाने शक्ति जति छिटो उदाउँछ, त्यति नै छिटो ओझेलमा पनि पर्न सक्छ ।

यसले केवल कुनै एउटा दलको भविष्यलाई मात्र प्रभावित गर्दैन, लोकतान्त्रिक व्यवस्थाप्रतिको जनविश्वासलाई समेत कमजोर बनाउँछ ।

आज यस्तै चिन्ता राष्ट्रिय स्वतन्त्र पार्टीका सन्दर्भमा पनि उठ्न थालेको छ । पछिल्ला घटनाक्रम, नेतृत्वसँग जोडिएका विवाद, आन्तरिक व्यवस्थापनका प्रश्न, सङ्गठनात्मक कमजोरी र राजनीतिक निर्णयहरूमाथि उठेका प्रश्नहरूले धेरै नागरिकलाई एक पटक फेरि सोच्न बाध्य बनाएका छन्, के यो पार्टी पनि एक समय परिवर्तनको प्रतीक बनेको नेकपा (माओवादी) कै बाटोमा हिंड्दै छ ?

नेकपा (माओवादी) को उदयलाई सही रूपमा बुझ्ने हो भने ०४६ सालपछिको बहुदलीय व्यवस्थाका विफलताहरू बुझ्नु आवश्यक छ । नेपाली काङ्ग्रेस र एमालेले सत्ताको भागबन्डामा व्यस्त रहँदा, भ्रष्टाचार संस्थागत हुँदै जाँदा, ग्रामीण नेपालको गरिबी र असमानता बढ्दै जाँदा माओवादीले त्यो असन्तुष्टिलाई सङ्गठित रूप दियो ।

सशस्त्र द्वन्द्वको समाप्तिपछि जब माओवादी मुख्यधाराको राजनीतिमा आयो, लाखौं मतदाताले त्यसमा आफ्नो आकाङ्क्षाको प्रतिनिधित्व देखे । ०६४ सालको संविधानसभा निर्वाचनपछि माओवादी नेपालको सबैभन्दा ठुलो राजनीतिक शक्ति बनेर उदायो । त्यो सफलता केवल एउटा पार्टीको जित थिएन, त्यो पुरानो राजनीतिक व्यवस्थाप्रतिको जनताको असन्तुष्टिको विस्फोट थियो ।

लाखौं नागरिकले माओवादीमा नयाँ नेपालको सपना देखेका थिए । उनीहरूले विश्वास गरेका थिए कि यो शक्ति पुराना राजनीतिक विकृतिहरूबाट मुक्त हुनेछ, सुशासन दिनेछ, सामाजिक न्याय स्थापना गर्नेछ र राज्यलाई नयाँ दिशामा लैजानेछ । तर बिस्तारै परिस्थिति बदलियो ।

जनताले अपेक्षा गरेको राजनीतिक संस्कार विकास हुन सकेन । राष्ट्रिय रूपान्तरणका एजेन्डाहरूभन्दा सत्ता, पद, गठबन्धन र नेतृत्व व्यवस्थापन प्रमुख विषय बन्न थाले । आन्दोलनको ऊर्जालाई संस्थागत सुधारमा रूपान्तरण गर्न नसक्दा जनविश्वास क्रमशः कमजोर हुँदै गयो । परिणामस्वरूप, एक समय देशको सबैभन्दा ठुलो शक्ति बनेको दल आज सीमित प्रभाव भएको शक्तिमा खुम्चिएको छ । माओवादीको पतन केवल एउटा दलको पतन थिएन, त्यो जनअपेक्षाको पतन पनि थियो ।

रास्वपाको उदयको पृष्ठभूमि पनि माओवादीको विफलतापछि तयार भएको देखिन्छ । ०७४ को निर्वाचनपछि नेकपाको एकीकरण भएको थियो र धेरैले सोचेका थिए कि अब देशमा स्थिर सरकारले काम गर्नेछ । तर नेकपाको विभाजन, ओली र प्रचण्डबीचको सत्ताको खिचातानी र त्यसपछिका अनिश्चित सरकारहरूले जनतालाई फेरि ठगिएको अनुभूति दिलायो ।

यही निराशामा रास्वपा उदाएको हो । रवि लामिछानेको नेतृत्वमा रास्वपाले आफूलाई 'पुराना दलहरूको विकल्प' भनेर पस्कियो । यसले भ्रष्टाचारविरुद्धको आवाज, सुशासनको प्रतिबद्धता, नयाँ राजनीतिक संस्कृतिको वाचा र नागरिककेन्द्रित शासनको अवधारणा प्रस्तुत गर्‍यो । विशेषतः युवापुस्ता, शिक्षित मध्यम वर्ग, विदेशबाट फर्किएका नेपाली र परम्परागत दलहरूप्रति निराश मतदाताले यसलाई आशाको केन्द्रका रूपमा ग्रहण गरे ।

यस पार्टीको उदयले नेपाली लोकतन्त्रमा एउटा सकारात्मक सन्देश दिएको थियो, जनताले अझै पनि परिवर्तनमा विश्वास गरेका छन् । उनीहरू लोकतान्त्रिक प्रक्रियामार्फत नयाँ विकल्प खोज्न तयार छन् । यो लोकतन्त्रको स्वास्थ्यका लागि राम्रो सङ्केत थियो ।

तर पछिल्ला केही घटनाहरूले भने प्रश्नहरू जन्माउन थालेका छन् । पार्टीभित्र निर्णय प्रक्रियाको पारदर्शिता, नेतृत्वको उत्तरदायित्व, सङ्गठनात्मक परिपक्वता र राजनीतिक रणनीतिका विषयमा बहस हुन थालेको छ ।

समाज विज्ञानको क्षेत्रमा काम गर्ने राजनीतिक दलहरूले गल्ती गर्नु अस्वाभाविक होइन । कुनै पनि नयाँ दलले सिक्ने क्रममा चुनौती भोग्छ नै । तर समस्या त्यति बेला सुरु हुन्छ, जब दलले आत्मसमीक्षा गर्ने क्षमता गुमाउँछ, आलोचनालाई शत्रुता ठान्न थाल्छ, संस्थाभन्दा व्यक्तिलाई केन्द्रमा राख्छ र जनताको अपेक्षाभन्दा आफ्नै राजनीतिक अस्तित्वलाई प्राथमिकता दिन थाल्छ । यिनै कारणहरू विगतमा माओवादी आन्दोलनको स्खलनका कारक थिए । त्यसैले आज उठिरहेका प्रश्नहरूलाई सामान्य रूपमा लिन सकिँदैन ।

यो प्रश्न रास्वपाको मात्र होइन, समग्र लोकतान्त्रिक व्यवस्थालाई नेतृत्व गर्ने राजनीतिक दलहरूको चरित्रको वा भन्नुस् वैचारिकीको प्रश्न हो । नेपालमा धेरै नागरिकले दशकौंदेखि एउटै राजनीतिक चक्र देखिरहेका छन् । नयाँ शक्ति आउँछ, आशा जगाउँछ, लोकप्रिय बन्छ र केही समयपछि पुरानै चरित्रलाई अङ्गाल्न पुग्छ । यदि यो चक्र फेरि दोहोरियो भने त्यसको असर कुनै एक दलमा सीमित रहने छैन । जनताले सोध्न थाल्नेछन्, 'नयाँ शक्ति पनि पुरानैजस्तो हुने हो भने विकल्प कहाँ छ ?'

जब लोकतान्त्रिक प्रणालीभित्रको वैकल्पिक शक्तिप्रतिको विश्वास कमजोर हुन्छ, तब लोकतान्त्रिक व्यवस्थाप्रतिको विश्वास पनि कमजोर हुन थाल्छ । नागरिकहरू मतदानप्रति उदासीन बन्न सक्छन् । राजनीतिक सहभागिता घट्न सक्छ । निराशा, वितृष्णा र व्यवस्था-विरोधी भावनाहरू बढ्न सक्छन् ।

विश्वका धेरै देशहरूको अनुभवले देखाएको छ कि लोकतान्त्रिक संस्थाहरूप्रतिको विश्वास कमजोर हुँदा अतिवादी सोच, व्यक्तिवादी नेतृत्व र असंवैधानिक विकल्पहरू बलियो बन्ने जोखिम बढ्छ । नेपालजस्तो लोकतान्त्रिक अभ्यास अझै संस्थागत हुँदै गरेको देशका लागि यो अत्यन्त गम्भीर विषय हो ।

रास्वपा आज केवल एउटा राजनीतिक दल मात्र होइन । यसले लाखौं नागरिकको आशा बोकेको छ । त्यसैले यसको जिम्मेवारी सामान्य दलको भन्दा ठुलो छ । यदि यसले पारदर्शिता, आन्तरिक लोकतन्त्र, विधि र संस्थागत संस्कृतिलाई मजबुत बनाउन सक्यो भने यसले नेपालको राजनीतिमा नयाँ मानक स्थापित गर्न सक्छ । तर यदि यो पनि व्यक्तिकेन्द्रित, प्रतिक्रियात्मक र अवसरवादी राजनीतितर्फ उन्मुख भयो भने यसले केवल आफ्नो भविष्य मात्र होइन, वैकल्पिक राजनीतिप्रतिको जनविश्वासलाई समेत क्षति पुर्‍याउन सक्छ ।

राजनीतिक इतिहासमा सबैभन्दा कठिन काम सत्ता प्राप्त गर्नु होइन, प्राप्त विश्वासलाई जोगाउनु हो । जनताले एक पटक धोका खाए पनि दोस्रो पटक क्षमा गर्न सक्छन्, तर बारम्बार निराश भएपछि उनीहरूको विश्वास पद्धति नै भत्कन पुग्छ ।

नेपालको लोकतान्त्रिक यात्राले अहिले एउटा संवेदनशील मोड पार गरिरहेको छ । परम्परागत दलहरूप्रतिको तीव्र असन्तुष्टिले उनीहरूलाई बढारेर किनारा त लगाइदियो, तर अर्कोतिर नयाँ वैकल्पिक शक्तिहरूप्रतिको सुरुवाती उत्साह प्रश्नको घेराबाट मुक्त छैन । वैकल्पिक शक्तिहरूको बारम्बारको विफलताले मतदाताहरूलाई उदासीन बन्न प्रेरित गर्छ । 'सबै एउटै हुन्' भन्ने निराशावादी दृष्टिकोण समाजमा आम धारणाको रूपमा स्थापित हुन सक्छ ।

यस्तो अवस्थामा रास्वपाले आफ्नो भूमिकालाई केवल चुनावी सफलताको दृष्टिले होइन, लोकतान्त्रिक व्यवस्थाप्रतिको जनविश्वास जोगाउने ऐतिहासिक जिम्मेवारीका रूपमा बुझ्नुपर्छ ।

बाँकी पृष्ठ ४ ▶▶

## आजको राशिफल

**मेष :** आज नयाँ कामको थालनी गर्नका लागि मनमा उत्साह रहनेछ ।

**बृष :** सञ्चित धनमा वृद्धि हुने योग छ । बोली र व्यवहारको प्रभावले रोकिएका पुराना कामहरू बन्नेछन् ।

**मिथुन :** नयाँ व्यावसायिक योजना वा साझेदारीका लागि कुराकानी अघि बढाउन दिन अनुकूल छ ।

**कर्कट :** आज खर्चको मात्रा अलि बढ्न सक्छ, त्यसैले विलासिताका वस्तुहरू खरिद गर्दा बजेटको ध्यान राख्नुहोला ।

**सिंह :** लामो समयदेखि रोकिएको धन फिर्ता आउने योग छ, जसले आर्थिक रूपमा ठूलो राहत मिल्नेछ ।

**कन्या :** करियर र कार्यक्षेत्रमा नयाँ अवसरहरू मिल्नेछन् । जागिर वा व्यवसायमा पदोन्नति वा प्रशंसा पाउन सकिनेछ ।

**तुला :** भाग्यले साथ दिनेछ । अध्यात्म, धर्म र परोपकारी कार्यमा रुचि बढ्नेछ ।

**वृश्चिक :** खानपानमा नियन्त्रण राख्नुहोला र मानसिक तनावबाट बच्न योग-ध्यान गर्नुहोला ।

**धनु :** बृहस्पतिवारको प्रभावले यस राशिका व्यक्तिहरूमा धार्मिक र बौद्धिक चेतना बढ्नेछ ।

**मकर :** पुराना स्वास्थ्य समस्याहरू कम हुँदै जानेछन् र शरीरमा नयाँ ऊर्जा महसुस हुनेछ ।

**कुम्भ :** शेयर बजार वा प्राविधिक क्षेत्रमा विचार पुर्‍याएर गरिएको लगानीले दीर्घकालीन फाइदा दिनेछ ।

**मीन :** आज घरायसी वा पारिवारिक विषयमा अलि बढी समय दिनुपर्ने हुन सक्छ ।



**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

## प्रदेशलाई प्रहरी र कर्मचारी अधिकार ...........

पहिचान गरी नीतिगत सुधार अघि बढाउनुपर्नेमा उनले जोड दिए ।

राष्ट्रिय सडक सुरक्षा परिषद् नेपाल तथा मधेश प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यशालामा प्रदेशसभा सदस्य, स्थानीय तहका जनप्रतिनिधि, सुरक्षा निकायका अधिकारी, प्रशासनिक कर्मचारी तथा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता थियो ।

# उपेन्द्रलाई छाडेर राउत किन ढल्के कुलमान र साम्पाङतिर ?



**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार ०४ गते**

डा. सीके राउत नेतृत्वको जनमत पार्टीले श्रम संस्कृति पार्टी, उज्यालो नेपाल पार्टी र प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)सँग मिलेर राष्ट्रिय वैकल्पिक मोर्चा गठन गर्ने निर्णय गरेको छ।

तर उक्त निर्णयप्रति जनता समाजवादी पार्टी (जसपा) नेपालका नेताहरूले आश्चर्य प्रकट गरेका छन्। जसपा नेपालका एक नेताले जनमत पार्टीका अध्यक्ष राउतले आफ्ना पार्टीका अध्यक्षसँग भेटेर पटक-पटक कुराकानी गरे पनि अहिले पुनः अर्को पार्टीसँग मोर्चा र एकताका लागि पहल थालेको सुन्दा आफूहरू आश्चर्यमा परेको बताए।

पार्टी एकताका विषयमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका नेताहरूबिच पटक-पटक छलफल भएको थियो। एकताको प्रक्रिया अगाडि बढेपछि थप वार्ताका लागि जसपा नेपालले नेता रकम चेम्जोङको संयोजकत्वमा एउटा वार्ता समिति गठन गरेको थियो।

यता, असार १ गते जनमत पार्टीले पनि नरेन्द्रप्रसाद चौधरीको संयोजकत्वमा वार्ता समिति गठन गर्‍यो। तर, जनमत पार्टीले तीनवटा दलको नाम नै उल्लेख गरेर मोर्चा तथा एकताका लागि पहल गर्ने बताएपछि जसपा नेपालका नेताहरू झस्केका छन्।

जनमत पार्टीले जसरी विज्ञप्ति जारी गरेर एकता र मोर्चाबन्दीको प्रसङ्ग अगाडि बढाएको छ, त्यसले एकताको वातावरण बिगारेको जसपा नेपालका नेताहरू बताउँछन्। जसपा नेपाल र जनमत पार्टीबिच एकताको चर्चा बाहिरिएपछि मधेशी जनतामा सकारात्मक सन्देश प्रवाह भएको भए पनि पछिल्लो विज्ञप्तिले विश्वासको वातावरण बिगारेको उनीहरूको गुनासो छ।

जनमत पार्टीका उपाध्यक्ष एवं वार्ता समितिका संयोजक नरेन्द्रप्रसाद चौधरीले भने जसपा नेपालसँगको एकता प्रयास सञ्चारमाध्यममा आएजस्तो गतिमा अगाडि नबढेको दाबी गरे। उनले भने, 'हामीले तीन दलसँग मात्र होइन, जसपा नेपाललगायत अन्य दलहरूसँग पनि आवश्यक परे कुराकानी गर्छौं।'

जो-जोसँग कुरा मिल्छ, ती सबै दलसँग छलफल गर्ने र जसपा नेपालसँग वार्ताको प्रक्रिया औपचारिक रूपमा सुरु पनि भइनसकेकाले अन्त्य पनि नभएको उनले स्पष्ट पारे। उनले आवश्यकता अनुसार पुनः कुराकानी हुनसक्ने बताए।

सुरुमा मोर्चाबन्दी र एकताको विपक्षमा रहेका जनमत पार्टीका अध्यक्ष राउतले पछिल्लो समय विभिन्न दलसँग कार्यगत एकता र मोर्चाबन्दी गरे पनि ती प्रयासहरू सफल हुन सकेनन्। उनले महन्थ ठाकुर अध्यक्ष रहेको तत्कालीन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)सँग पनि कार्यगत एकता गरेका थिए, तर त्यो एकता एक महिना पनि टिकेन।

त्यसपछि उनले रञ्जिता श्रेष्ठ अध्यक्ष रहेको तत्कालीन नागरिक उन्मुक्ति पार्टीसँग कार्यगत एकता गरे, तर त्यो कार्यगत एकता पनि बिचैमा भङ्ग भयो।

पछि सोही पार्टीसँग एकता नै गर्ने गरी प्रक्रिया अगाडि बढेको थियो, तर एकता घोषणा कार्यक्रमस्थलबाटै नागरिक उन्मुक्ति पार्टीका तत्कालीन संरक्षक रेशमलाल चौधरी पक्राउ परेपछि उक्त प्रक्रिया भाँडिएको थियो।

त्यसपछि उनी तराई-मधेशका विभिन्न दलले गठन गरेको संघीय लोकतान्त्रिक मोर्चामा सामेल भए, तर मोर्चाका प्रायः बैठकमा अनुपस्थित रहे। मोर्चाका कतिपय निर्णयको उनले विरोधसमेत गरेका थिए। फागुन २१ को राजनीतिक समीकरण परिवर्तनपछि पार्टी एकताका लागि यादवसँग राउतले पटक-पटक छलफल गरे पनि अहिले त्यसलाई थाती राखेर उनी श्रम संस्कृति पार्टीलगायतसँग मोर्चाबन्दीको प्रयासमा लागेका छन्।

जसपा नेपालका नेता शैलेन्द्र साहले भने, 'जनमत पार्टी र जसपा नेपाबिच एकताका लागि कुराकानी चलेको हो। पार्टीका अध्यक्षहरू स्वयंले छलफल अगाडि बढाउनुभएको थियो, तर अहिले ती वार्ताहरू स्थगित छन्। अहिले जनमत पार्टीले अन्य दलहरूसँग मोर्चा बनाइरहेको सुन्दै छु।'

यसमा आफूहरूको कुनै गुनासो नरहेको र जसको जहाँ विचार मिल्छ, उसले त्यहीँ एकता गर्ने उनले बताए। साहले आफ्नो पार्टीले पनि वार्ता समिति गठन गरेको र अन्य दलहरूसँग सहकार्य तथा एकताका लागि छलफल चलाइरहेको जानकारी दिए।

# बालेन पक्षलाई समेट्न रास्वपामा पदाधिकारी थपिँदै, कुन पदमा कति ?



**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार ०४ गते**

सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रधानमन्त्री एवम् वरिष्ठ नेता वालेन्द्र शाह बालेन पक्षलाई समेट्ने गरी नीति तय गर्ने टुंगो लागेको छ। बिहीबार बसेको सचिवालय बैठकमा १ सय ५१ सदस्यीय केन्द्रीय समिति बनाउँदा ५० जनालाई मनोनीत गर्ने सहमति बनेको हो।

पार्टीका एक पदाधिकारीका अनुसार बालेन पक्षका अधिकांश नेताहरू समेट्ने गरी यसो गर्न लागिएको हो। योसँगै वरिष्ठ नेतामा यसअघिको सहमतिबमोजिम विधानबाटै 'इन्डोर्स' गर्न लागिएको छ। अब चितवनमा हुने ७-९ असारको पहिलो महाधिवेशनबाट कतिपय पदाधिकारीमै प्रतिस्पर्धा हुने देखिए पनि केही सीमित सिटमा भने प्रतिस्पर्धाबिनै स्वतः ल्याउने प्रयास गरिँदै छ। जसमा बालेन पक्षका नेताहरू केन्द्रीय सदस्यदेखि पदाधिकारीसम्ममा सहज रूपमा ल्याउने प्रयास गरिएको रास्वपा उच्च स्रोतको भनाइ छ।

रास्वपामा हाल दुई उपसभापति पद छन्। तर, विधान संशोधन गरेर तीन उपसभापति बनाइँदै छ। जसमध्ये एक जना मनोनीत हुने व्यवस्था पार्टीले गर्ने छ। दुई जनाले भने उपसभापति पदमा प्रतिस्पर्धा गर्नुपर्ने हुन सक्छ। त्यस्तै महामन्त्रीको दुई पदमध्ये एक जना मनोनीत गर्ने व्यवस्था राख्ने सैद्धान्तिक सहमति बनेको छ। अहिले महामन्त्री पदमा धेरै नेताहरू आकांक्षी देखिएका छन्।

हालका महामन्त्रीमा संस्थापन पक्षका कविन्द्र बुर्लाकोटी छन् भने बालेन पक्षबाट रास्वपामा आएपछि बालेनकै विश्वासपात्र भूपदेव शाह महामन्त्री मनोनीत भएका छन्। यी दुवै आगामी महाधिवेशनमा महामन्त्रीका आकांक्षी छन्।

यीसँगै रास्वपा प्रवक्ता मनिष झा, कोषाध्यक्ष लिमा अधिकारी, कानुनमन्त्रीसमेत रहेकी सोविता गौतम, रविनिकट दीपक बोहरा पनि महामन्त्रीका आकांक्षी छन्। महमन्त्रीका दुई पदमा बालेन पक्षबाट स्वतः एक जना महामन्त्री बन्ने पक्का भए पनि संस्थापन टिमबाट भने प्रतिस्पर्धा गर्नुपर्ने देखिएको हो।

त्यस्तै सहमहामन्त्री पाँच जना हुने व्यवस्था गरिएको छ। जसमध्ये तीन जना प्रतिस्पर्धाबाट छानिए पनि दुई जना भने मनोनीत हुनेछन्। यसमा पनि बालेन पक्षबाटै आउने पक्कापक्की जस्तो देखिएको ती नेताले जानकारी दिए। 'उहाँहरूको हरेक पदमा आफ्नो व्यक्ति सुनिश्चित गर्ने मनसाय रहेको देखियो। आजको बैठकबाट त झनै संस्थापन पक्षबीच नै प्रतिस्पर्धा गराएर कमजोर पार्ने जस्तो पो चाल देखियो', उनले भने।

त्यस्तै कोषाध्यक्ष पद एउटा भए पनि सहकोषाध्यक्ष दुई जना हुने व्यवस्था छ। त्यो दुई पदमा पनि मनोनीत गर्ने सहमति भएको छ। कोषाध्यक्ष भने प्रतिस्पर्धाबाट आउनुपर्ने छ। प्रवक्ता र सहप्रवक्ता पदाधिकारी हुन पाउने छैनन्। रास्वपाले प्रवक्ता एक जना र सह-प्रवक्ता तीन जना बनाउँदै छ, जुन मनोनीत गर्ने गरी सहमति जुटेको हो।

चितवनमा हुने पहिलो महाधिवेशनका लागि रास्वपाले तयारी तीव्र पारेको जानकारी दिएको छ। योसँगै विहीबार बसेको सचिवालय बैठकले तयार पारेको एजेन्डा ६ असारमा चितवनमै बस्ने केन्द्रीय समितिको बैठकले पारित गर्नेसमेत तय गरेको ती नेताले जानकारी दिएका छन्। यसअघिका जिल्ला र प्रदेश महाधिवेशनबाट आफ्नो वर्चस्व बढाएको बालेन समूह चितवनमा हुने पहिलो महाधिवेशनबाट पनि हावी हुने रणनीतिमा लागेको देखिएको छ।

## १ करोड ६२ लाखको बहु-प्रकोप सुरक्षित आश्रयस्थल ...........

१६५ जना अट्ने क्षमताको उक्त आश्रयस्थलमा ५० जनासम्मलाई आवासीय सुविधा उपलब्ध गराउन सकिने व्यवस्था गरिएको छ। भवन निर्माण, विद्युतीकरण, शौचालय तथा सरसफाइ सुविधा, इन्टरनेट जडान, खानेपानी शुद्धीकरणका लागि वाटर फिल्टर, प्राथमिक उपचार सामग्री, खोज तथा उद्धार उपकरण तथा आवश्यक फर्निचरसहितको संरचना निर्माणमा कुल १ करोड ६२ लाख ५७ हजार ८६० खर्च भएको जनाइएको छ।

नेपाल बाढी, डुबान, आगलागी, चट्याङ तथा हावाहुरीजस्ता प्राकृतिक विपद्का दृष्टिले संवेदनशील मुलुक रहेकाले विशेषगरी मधेश प्रदेशका जोखिमयुक्त क्षेत्रमा विपद्को समयमा सुरक्षित आश्रय उपलब्ध गराउने लक्ष्यसहित परियोजना सञ्चालन गरिएको सम्बन्धित संस्थाहरूले बताएका छन्।

निर्माण सम्पन्न भइसकेपछि आश्रयस्थल तथा त्यसमा रहेका सामग्रीको संरक्षण, सञ्चालन र व्यवस्थापनको जिम्मेवारी वडा नं. ६ अन्तर्गत गठित सामुदायिक विपद् व्यवस्थापन समिति (सीडीएमसी) लाई हस्तान्तरण गरिएको छ। समितिले स्थानीय सरकारसँग समन्वय गरी विपद् व्यवस्थापन, खोज तथा उद्धार, राहत वितरण र पूर्वतयारीका गतिविधिहरू सञ्चालन गर्ने जनाइएको छ।

सिरहा नगरपालिकाले आश्रयस्थलको नियमित अनुगमन, मर्मतसम्भार, सरसफाइ तथा विपद् पूर्वतयारी र प्रतिकार्य योजनासँग समायोजन गरी प्रभावकारी रूपमा सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ। हस्तान्तरण सम्झौताअनुसार निर्माण सम्पन्न भएको मितिदेखि एक वर्षसम्म प्राविधिक जिम्मेवारी निर्माण कम्पनीकै रहने उल्लेख गरिएको छ।

वडा नं. ६ का वडाध्यक्ष इन्द्रजित कुमार गोठियाको अध्यक्षतामा सम्पन्न हस्तान्तरण कार्यक्रममा प्रमुख अतिथि सिरहा नगरपालिकाका नगर प्रमुख डा. नवीन कुमार यादवले विपद् जोखिम न्यूनीकरण तथा समुदायको सुरक्षा सुदृढीकरणमा यस्ता पूर्वाधारको महत्वपूर्ण भूमिका रहने बताए। उनले विपद्का समयमा प्रभावित नागरिकलाई सुरक्षित आश्रय, राहत व्यवस्थापन तथा उद्धार कार्यलाई व्यवस्थित बनाउन बहु-प्रकोप सुरक्षित आश्रयस्थल प्रभावकारी माध्यम बन्ने विश्वास व्यक्त गरे।

कार्यक्रममा पूर्वसभासद आशादेवी यादव, प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल, उपमेयर बबिता कुमारी साह, प्रमुख प्रशासकीय अधिकृत मोहम्मद शेरे मुस्तफा, विभिन्न वडाका जनप्रतिनिधि, राजनीतिक दलका प्रतिनिधि तथा संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

अपन दैनिक पत्रिका
- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक, मधेश प्रदेश सिरहा नेपाल

## मधेश प्रदेश ...........

बजेट विनियोजन गरेको छ। अति विपन्न, दलित र सीमान्तकृत समुदायलाई गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा ल्याउन मधेश प्रदेश सरकारले उनीहरुको स्वास्थ्य बिमाको प्रमियम बेहोर्ने गरी स्थानीय तहसँग लागत साझेदारीमा पूर्ण स्वास्थ्य बिमा कभरेज अभियान लागू गर्ने भएको छ।

मातृ तथा शिशु मृत्युदर घटाउन गर्भधारणदेखि शिशुको दुई वर्षसम्मको अवधिलाई लक्षित गरेर गर्भवती आमा पोषण प्याक वितरण गर्न र मुख्यमन्त्री पोषण कोसेली थप प्रभावकारी बनाउन मधेश प्रदेश सरकारले मधेश पोषण मिसन-०८३ सञ्चालन गर्नेछ। दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि उत्पादनसँग जोड्दै रैथाने उद्योगबाट उत्पादित पौष्टिकयुक्त पिठो प्रयोग गरेर खेतदेखि थालसम्म विद्यालय खाजा कार्यक्रमलाई अनिवार्य गर्ने भएको छ। त्यसका लागि एक पालिका, एक पोषण उत्पादन केन्द्र स्थापना गर्न सार्वजनिक-नीजि साझेदारी गर्ने नीति मधेश प्रदेश सरकारको छ।

बढ्दो लागूऔषध दुर्व्यसन र मानसिक स्वास्थ्य समस्या न्यूनीकरणका लागि विद्यालय र सार्वजनिक स्थलहरुमा योग तथा ध्यान अभियान सञ्चालन गर्ने भएको छ। मधेश प्रदेश सरकारले सर्वसुलभ र विशिष्टीकृत स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्दै टेलिमेडिसिन सेवाको पनि विस्तार गर्ने रणनीति बनाएको छ।




बिजुलीको सुरक्षित प्रयोग गरौं।

- भिजेको वा चिसो हातले बिजुलीको तार तथा उपकरण नचलाऔं।
- बालबालिकाले भेट्ने गरी बिजुलीका तार तथा सकेट नराखौं।
- पुराना तथा नाङ्गो तार तत्काल मर्मत गरौं।
- ओभरलोड हुने गरी बिजुलीको प्रयोग नगरौं।
- आगलागी भएमा तत्काल मुख्य स्विच बन्द गरौं।
- जाडो मौसममा हिटर बाल्दा कोठामा पर्याप्त हावा छिर्ने व्यवस्था मिलाऔं।
- रातीको समयमा हिटर बन्द गरेर मात्र सुतौं।

सावधानी अपनाऔं, सुरक्षित रहौं।

गोलबजार नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, गोलबजार
मधेश प्रदेश, सिरहा (नेपाल)

# राजविराज नगरपालिकाको शुल्क बढाउने निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश

**अपन दैनिक संवाददाता**
**राजविराज, असार ०४ गते**




उच्च अदालत जनकपुर, राजविराज इजलासले सप्तरीको राजविराज नगरपालिकाले निजी तथा गुठी विद्यालयहरूले चालू शैक्षिक सत्रमै शुल्क वृद्धि गर्ने गरी गरेको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको छ।

न्यायाधीश रामबहादुर थापाको एकल इजलासले नगरपालिकाका नाममा अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो। अदालतले आफ्नो आदेशमा शिक्षा नियमावली, २०४९ को व्यवस्थालाई विशेष रूपमा उल्लेख गरेको छ। नियमावलीको नियम ८४ अनुसार विद्यालयको शैक्षिक सत्र वैशाख १ गतेदेखि सुरु हुने व्यवस्था छ।

त्यसैगरी, नियम १४७(२) ले विद्यालयहरूले लिन पाउने शुल्कको अधिकतम सीमा निर्धारण गरी शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा तीन महिनाअगावै सूचना प्रकाशन गर्नुपर्ने स्पष्ट व्यवस्था गरेको छ। तर, अदालतको प्रारम्भिक निष्कर्षअनुसार राजविराज नगरपालिकाले २०८३ जेठ ९ गते बसेको बैठकबाट चालू शैक्षिक सत्रकै बिचमा शुल्क वृद्धि गर्ने निर्णय गरेको देखिएको छ। सोही निर्णयका आधारमा नगरपालिका क्षेत्रभित्रका संस्थागत तथा गुठी विद्यालयहरूको मासिक शुल्क निर्धारण तालिकासमेत सार्वजनिक गरिएको थियो।

अदालतले अर्को महत्वपूर्ण कानुनी प्रश्न पनि उठाएको छ। शिक्षा नियमावलीको नियम १४५क (१) को खण्ड (ख) अनुसार संस्थागत विद्यालयको शुल्क निर्धारण गर्दा शिक्षा विकास तथा समन्वय इकाइ र अभिभावकहरूको प्रतिनिधित्व रहने समितिको निर्णय आवश्यक पर्ने व्यवस्था छ। तर, प्रस्तुत प्रकरणमा शुल्क निर्धारण गर्दा त्यस्तो समितिबाट निर्णय भएको देखिएको छैन।

यही कारण अदालतले पहिलो दृष्टिमै नगरपालिका तथा सम्बन्धित निकायको निर्णय शिक्षा नियमावलीको नियम १४७(२) र नियम १४५क (१)(ख) को प्रतिकूल रहेको ठहर गरेको छ।

आदेशमा भनिएको छ, 'अन्तरिम आदेशसम्बन्धी अन्तिम निर्णयमा पुग्नुअघि दुवै पक्षको विस्तृत बहस आवश्यक देखिन्छ। तर, त्यसअघिसम्म शुल्कवृद्धिको निर्णय कार्यान्वयन हुन दिँदा अभिभावक र विद्यार्थीमाथि प्रत्यक्ष असर पर्न सक्ने भएकाले यथास्थितिमा राख्नु आवश्यक रहेको अदालतको निष्कर्ष छ।"

यसै आधारमा उच्च अदालतले २०८३ जेठ ९ गते गरिएको शुल्कवृद्धि सम्बन्धी निर्णय, त्ससँग सम्बन्धित सूचना तथा पत्राचार कार्यान्वयन नगर्न विपक्षीहरूका नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२(१)(क) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो।

अदालतले विपक्षी राजविराज नगरपालिका तथा सम्बन्धित निकायहरूलाई लिखित जवाफ पेस गर्न निर्देशन दिँदै अन्तरिम आदेशबारे थप छलफलका लागि असार ११ गतेको पेसीसमेत तोकेको छ।

## माओवादीको उदय र अवसानबाट रास्वपाले .............

माओवादीको इतिहासले रास्वपालाई स्पष्ट चेतावनी र शिक्षा दिएको हुनुपर्छ।

जनताको आशा जित्न सकिन्छ, तर त्यसलाई जोगाइराख्न निरन्तर आत्मअनुशासन, संस्थागत संस्कृति र राष्ट्रिय हितप्रतिको प्रतिबद्धता आवश्यक पर्छ।

आजको प्रश्न रास्वपा सफल हुन्छ कि असफल भन्ने मात्र होइन। झनै ठूलो प्रश्न के हो भने नेपाली जनताले लोकतान्त्रिक व्यवस्थाभित्र परिवर्तन सम्भव छ भन्ने विश्वास कायम राख्न सक्छन् कि सक्दैनन् ? यदि वैकल्पिक शक्तिहरूले पनि आफ्ना वाचा र आदर्शहरू बिर्सिए भने त्यसको क्षति कुनै एउटा दलले मात्र होइन, समग्र लोकतन्त्रले व्यहोर्नुपर्नेछ।

यसैकारण रास्वपाको वर्तमान यात्रा केवल एउटा पार्टीको कथा होइन, नेपालको लोकतान्त्रिक भविष्यसँग जोडिएको लोकतान्त्रिक व्यवस्थाप्रतिको आस्थाको विषय हो।

# मधेश प्रदेशमा सडक दुर्घटनाको अवस्था भयावह: पाँच वर्षमा २,७४८ जनाको मृत्यु

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, असार ०४ गते**



मधेश प्रदेशमा सडक दुर्घटनाको अवस्था भयावह रहेको देखिएको छ। विगत पाँच आर्थिक वर्ष (२०७७/७८ देखि २०८१/८२) मा भएका सडक दुर्घटनाको तथ्याङ्कलाई केलाउँदा मधेश प्रदेशमा ट्राफिक सुरक्षाको अवस्था अत्यन्तै चिन्ताजनक अवस्थामा रहेको देखिएको छ।

विहीबार जनकपुरधाममा आयोजित प्रदेशस्तरीय सडक सुरक्षा सम्बन्धी कार्यशाला गोष्ठिमा सार्वजनिक गरिएको सडक दुर्घटनाको तथ्यांक अनुसार विगत पाँच वर्षमा मधेश प्रदेशमा सडक दुर्घटनाका कारण २,७४८ जनाले ज्यान गुमाएका छन्।

पाँच वर्षमा कुल २९,१८३ वटा सडक दुर्घटना भएकोमा ४१,६९७ सवारी साधन संलग्न रहेको देखिएको छ। यस अवधिमा दुर्घटनामा परी १०,८६६ जना गम्भीर घाइते र ६,१४२ जना सामान्य घाइतेको तथ्यांकले देखाएको छ।

तथ्यांक अनुसार दुर्घटनाको संख्यामा वार्षिक २३ प्रतिशतसम्मको वृद्धि हुने गरेको देखिएको छ। आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा दुर्घटनाको संख्यामा २३ प्रतिशतले वृद्धि भएको हो। त्यस्तै, पाँच वर्षको अवधिमा मृत्यु भएका २,७४८ जनाको लैङ्गिक तथा उमेर समूहको विवरण अनुसार सबैभन्दा बढी पुरुष सडक दुर्घटनाको सिकार भएको छ।

दुर्घटनामा हुने मानवीय क्षतिको अनुपात १:४:१३ रहेको छ यसले सडक दुर्घटनामा प्रत्येक १ जनाको मृत्यु हुँदा औषतमा ४ जना गम्भीर घाइते र १३ जना सामान्य घाइते हुने गरेको तथ्यांकले देखाएको छ।

प्रदेशका आठ जिल्लाहरूमध्ये धनुषा र बारा सडक दुर्घटना र मानवीय क्षतिका हिसाबले सबैभन्दा अगाडि रहेका देखिएको छ। पाँच वर्षमा धनुषामा सबैभन्दा बढी ४,८६८ दुर्घटना र ४२८ जनाको मृत्यु भएको छ भने बारामा ४,५४८ दुर्घटना र ४१६ जनाको मृत्यु भएको छ।

सडक दुर्घटनामा संलग्न सवारी साधनहरूमध्ये दुई पाङ्ग्रे (मोटरसाइकल/स्कुटर) को संलग्नता झण्डै ६७ प्रतिशत (२८,०२७ वटा) रहेको छ। कार्यक्रममा प्रस्तुत तथ्याङ्क अनुसार सडक दुर्घटना हुनुको मुख्य जिम्मेवार चालक आफैं रहेको देखिन्छ।

पाँच वर्षमा भएको कुल दुर्घटनाहरूमध्ये करिब ८५ प्रतिशत दुर्घटना चालकको कारणले नै भएको देखिएको छ। तथ्यांकमा उल्लेख भएअनुसार सबैभन्दा बढी दुर्घटना साँझ १८:०० बजेदेखि राति २४:०० बजेसम्म हुने गरेको छ।

कार्यक्रममा मधेश प्रदेशका डिआईजी ओम अधिकारीले दुर्घटना न्यूनिकरणका लागि सबै भन्दा आवश्यक सम्बन्धित निकाहरुबीचको समन्व रहेको बताए। उनले सडकमा खटिने ट्राफिक जवान र ऐन कानुन निर्माण गर्ने जनप्रतिनिधबीचरहेको विशाल अन्तरका कारण सडक दुर्घटना न्यूनिकरण हुन नसकेको जानकारी दिए।

डिआईजी अधिकारीले उदाहरण दिँदै भने, पथलैयामा सवारी साधनलाई कारवाही गर्दा उक्त सवारी साधनलाई जरिवाना तिर्न बिरगञ्ज जानु पर्ने नियम छ, यसले स्पष्ट रुपमा देखिन्छ सरकारले बनाएका नियम कानुनमा संशोधन आवश्यक छ।

उनले ट्राफिक कार्यालय र सडकमा खटिने ट्राफिक जवानहरुका निम्ति आवश्यक बजेट उपलब्ध नभएको गुनासो गरे। सडकमा राखिने साईनबोर्ड समेत खरीद गर्न बजेट नभएका कारण कतिपय समय विभिन्न संघसंस्था संग माग्नु पर्ने स्थिती रहेको डिआजी अधिकारीले सुनाए। उनले सरकारसंग आवश्यक बजेट ट्राफिक व्यवस्थापनका निम्ति बिनियोजन गर्न आग्रह गरे।

# सामाजिक सञ्जालका भ्रामक विज्ञापन तत्काल हटाउन बोर्डको निर्देशन

**अपन दैनिक संवाददाता**
**काठमाडौं, असार ०४ गते**




सामाजिक सञ्जाल मार्फत प्रकाशन तथा प्रसारण भइरहेका आधारहीन एवं भ्रामक विज्ञापन तत्काल हटाउन विज्ञापन बोर्डले निर्देशन दिएको छ। साथै, यस्ता विज्ञापन गरिएको भेटिए कारबाही गरिने समेत बोर्डले जनाएको छ।

सामाजिक सञ्जाल मार्फत भइरहेका भ्रामक तथा झुटो विज्ञापन उपर कारबाही प्रक्रिया अगाडि बढाउन सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले सम्बन्धित निकायलाई निर्देशनसमेत दिएका थिए।

सञ्चार मन्त्रालयको चासोपछि विज्ञापन बोर्डले विहीबार सार्वजनिक सूचना जारी गर्दै प्रचलित कानुनले निषेध गरेका, आवश्यक लेबलिङ, ब्रान्डिङ तथा आधिकारिक प्रमाणीकरण नभएका औषधिजन्य पदार्थ तथा सामग्रीको विज्ञापन सामाजिक सञ्जालमा बढ्दै गएको भन्दै त्यस्ता गतिविधि तत्काल रोक्न निर्देशन दिइएको हो।

बोर्डका प्रमुख प्रशासकीय अधिकृत देवी पाण्डे खत्रीका अनुसार सामाजिक सञ्जाल मार्फत विभिन्न औषधिजन्य सामग्रीको भ्रामक प्रचार-प्रसार गरी सर्वसाधारणलाई भ्रममा पार्ने, ठगी गर्ने तथा जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने आधारभूत मापदण्ड समेत उल्लंघन भएको विषयमा उजुरी परेका छन्।

यस्ता विज्ञापनले उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्नुका साथै झुटा दाबीका आधारमा आर्थिक ठगीसमेत हुने जोखिम बढाएको बोर्डको भनाइ छ।

बोर्डले विशेषगरी कपाल उमार्ने, कपाल लामो वा बाक्लो बनाउने, हड्डी तथा नसासम्बन्धी पीडा निको पार्ने, शरीरको बोसो घटाउने, किड्नी सफा गर्ने, शरीरका विषाक्त पदार्थ हटाउने लगायत दाबी गरिएका औषधिजन्य पदार्थ तथा अन्य समान प्रकृतिका सामग्रीको प्रचार सामाजिक सञ्जाल मार्फत व्यापक रूपमा भइरहेको जनाएको छ।

यस्ता सामग्रीको प्रभावकारिताबारे वैज्ञानिक आधार, आधिकारिक स्वीकृति वा आवश्यक प्रमाणीकरणविना आकर्षक प्रचार सामग्री तयार गरी सर्वसाधारणलाई भ्रमित बनाउने कार्य बढ्दो क्रममा रहेको बोर्डले उल्लेख गरेको छ।

सूचनामा विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा ५ तथा अन्य प्रचलित कानुन विपरीत कुनै पनि विज्ञापन प्रकाशन वा प्रसारण नगर्न तथा नगराउन सम्बन्धित विज्ञापनदाता, विज्ञापन एजेन्सी, सामग्री उत्पादक, विक्रेता, डिजिटल प्ल्याटफर्म सञ्चालक तथा सामाजिक सञ्जाल प्रयोगकर्ता सहित सबै पक्षलाई सचेत गराइएको छ।

कानुन विपरीत विज्ञापनले उपभोक्ताको स्वास्थ्य, सुरक्षा तथा आर्थिक हितमा प्रतिकूल असर पुऱ्याउने भएकाले त्यस्ता गतिविधिमा संलग्न नहुन समेत बोर्डले आग्रह गरेको छ।

त्यसैगरी बोर्डले चिकित्सकको सिफारिसमा मात्र बिक्री वितरण गरिने औषधिको समेत सामाजिक सञ्जालमा भ्रामक विज्ञापन भइरहेको गुनासो आएको जनाएको छ।

आवश्यक लेबलिङ, ब्रान्डिङ तथा आधिकारिक प्रमाणीकरण नभएका औषधि वा सामग्रीको प्रचारप्रसारले भ्रम र अफवाह फैलाउने तथा सर्वसाधारणलाई गलत उपचारतर्फ आकर्षित गर्ने जोखिम रहेको बोर्डको निष्कर्ष छ।

यस्ता भ्रामक विज्ञापन प्रकाशन वा प्रसारण भएको पाइएमा तत्काल विज्ञापन बोर्डमा उजुरी गर्न पनि बोर्डले अनुरोध गरेको छ। प्राप्त उजुरीका आधारमा आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइने जनाइएको छ।

## ५ वर्षदेखि फरार कर्तव्य ज्यान .............

खानतलासी गर्दा उनी आफ्नै कोठामा विष सेवन गरी अचेत अवस्थामा लडिरहेको भेटिएका थिए। तर, पछि फरार भए।

प्रहरीले उक्त कोठाबाट मृतकले प्रयोग गर्ने मोबाइल फोन, एक सुसाइड नोट तथा घटनासँग सम्बन्धित तामाको नाङ्गो तारलगायतका प्रमाण बरामद गरेको जनाएको छ।

प्रहरीका अनुसार बरामद गरिएको सुसाइड नोटमा अनिता देवीको हत्या आफूले गरेको स्वीकार गर्दै घटनाप्रति पश्चाताप व्यक्त गरिएको तथा त्यसै कारण विष सेवन गरी आत्महत्या गर्ने प्रयास गरेको उल्लेख थियो।

घटनापछि फरार रहेका यादवलाई प्रहरीले २०८३ असार २ गते आफ्नै घरबाट पक्राउ गरेको हो।

पक्राउ परेका यादवलाई जिल्ला प्रहरी कार्यालय सिरहाको नियन्त्रणमा राखी थप अनुसन्धान तथा कानुनी कारबाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सिरहाका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक नरेश लिम्बुले जानकारी दिएका छन्।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौं।

अपन दैनिक



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स

सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल

फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं।
- आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं।
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं।
- पर्व–उत्सवहरू मिलेर मनाऔं।
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं।
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं।
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।

विविधतामा एकता भन्ने भावना विकास गरौं।

विष्णुपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर
मधेश प्रदेश, सिरहा (नेपाल)